नेपाल सरकार
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

फोन { ४२००३०९
४२००२८१

पत्र संख्या:-

चलानी नं.:-

# प्रेस विज्ञप्ति

आज मिति २०७४।४।२५ गते माननीय उपप्रधान मन्त्री एवं संघीय मामिला तथा स्थानीय विकास मन्त्री विजय कुमार गच्छदारज्यूबाट "जिल्ला विकास समितिको कार्यालय तथा नगरपालिकाको लैंगिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट परीक्षण प्रतिवेदनको संगालो २०७४" विमोचन भयो । मन्त्रालयले पहिलो पटक आर्थिक वर्ष २०७२/७३ को साविक ६९ जिल्ला विकास समिति तथा १५३ वटा नगरपालिकाहरुको लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट परीक्षण पश्चात प्राप्त नतिजालाई संगालोको रुपमा प्रकाशित गरिएको छ ।

कार्यक्रममा आफ्नो मन्तव्य राख्दै माननीय उपप्रधानमन्त्री एवं संघीय मामिला तथा स्थानीय विकास मन्त्रीज्यूवाट नेपालले राष्ट्रिय तथा अन्तराष्ट्रिय रुपमा व्यक्त गरेका प्रतिवद्दताहरु पुरा गर्दै समुन्नत र समावेशी राष्ट्र निर्माणका लागि तय गरिने स्थानीय तहका नीति, कार्यक्रम, संरचना तथा कार्य वातावरणलाई लैंगिक मैत्री तथा सामाजिक समावेशीकरण अनुकुल बनाउन यो प्रतिवेदन महत्वपूर्ण सावित हुनेमा आशावादी रहेको जानकारी गराउनुभएको थियो ।

मन्त्रालयका सचिव श्री दिनेश कुमार थपलियाज्यूको अध्यक्षतामा सम्पन्न सो कार्यक्रम उहाँले स्थानीय तहको आवधिक तथा वार्षिक योजना निर्माणका क्रममा तयार हुने रणनीति तथा कार्ययोजना तयार गर्दा यस संगालो महत्वपूर्ण हुने विचार व्यक्त गर्नु भयो । उक्त कार्यक्रममा मन्त्रालयका सह सचिव डा. हरी पौडेलले स्वागत मन्तव्य राखु भएको थियो भने मन्त्रालयको लैङ्गिक समानता तथा सामाजिक समावेशी शाखाका उप सचिव श्री लिला अधिकारीले प्रतिवेदनमा समावेश गरिएका विषयहरु तथा सवालहरुको सम्बन्धमा छोटकरीमा प्रस्तुत गर्नु भएको थियो ।

रुद्रसिंह तामाङ

सह सचिव/प्रवक्ता